माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
info@mathagadhimun.gov.np
Website: www.mathagadhi.gov.np


च.नं. :( Despatch No.) :

पत्र संख्या:(Ref No.) : २०८२/०८३

## विद्यालयको लेखापरीक्षणको लागि आशय पत्र पेश गर्ने सम्वन्धी सूचना !

सूचना नं. १३ मिति:२०८२/०५/१२

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को 'ज' मा विद्यालयको समग्र व्यवस्थापन, आय व्यायको लेखा अनुशासन कायम, अनुगमन र नियमन सम्बन्धी कार्य समेत स्थानीय तहको रहेको हुँदा यस माथागढी गाउँपालिकाभित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरु तथा सामुदायिक सिकाई केन्द्रहरुको आ.व. २०८१/८२ को सम्पूर्ण आय व्यायको अन्तिम लेखा परीक्षण कार्य गर्नुपर्ने भएको हुँदा नेपाल चार्टर एकाउन्टेन्टस संस्थामा दर्ता भएका इच्छुक लेखा परीक्षक व्यावसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा कार्यालय समय भित्र तपसिल बमोजिमको कागजातहरु संलग्न राखी यस गाउँ कार्यपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा आशय पत्र पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

१. फर्म वा व्यक्तीको नाम, सम्पर्क नं. र हालको ठेगाना स्पष्ट उल्लेख गरिएको सक्कल आशय पत्र

२. लेखा व्यावसायी फर्म दर्ता प्रमाणपत्र (२०८२/०८३ को नविकरण सहित) को प्रतिलिपि ।

३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

४. नविकरण सहित नेपाल चार्टर एकाउन्टेन्टस संस्थाको सदस्यता प्रमाणपत्रको प्रतिलिपि ।

५. मु.अ. कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नं. प्यान प्रमाणपत्रको प्रतिलिपि।

६. आ.व. २०८१/८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा आय विवरण पेस गरेको प्रमाणित कागजात ।

७. लेखा परीक्षण सम्बन्धी कार्यमा भाग लिन अयोग्य नभएको र आफ्नो पेशा वा व्यावसाय सम्बन्धी कसुरमा कालो सूचीमा नपरेको तथा कुनै सजाय नपाएको भनी लिखित स्वयम गरेको स्व. घोषणापत्र सक्कलै प्रति ।

८) बाहलवाला कर्मचारी तथा शिक्षक भएमा विभागीय स्वीकृती पत्र पेश गर्नुपर्नेछ ।

९) आशय पत्र दर्ताको लागि लाग्ने दस्तुरः क र ख बर्गको रु.१०००/- ग र घ वर्गका लागि रु. ५००/- मात्र ।

...................

सुन्दर प्रसाद श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत